SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

११ पौष २०७१

## प्रेस विज्ञप्तिः सञ्चार अनुगमन

सञ्चारिका समूह नेपालले १ देखि २९ मंसिरसम्म २०७१ सम्म गरेको १४ वटा राष्ट्रिय दैनिकको सञ्चार अनुगमनले सो एक महिनामा १० जना किशोरी तथा महिलाको हत्या भएको देखाएको छ भने ती हत्यासम्बन्धी ६२ वटा समाचार सामग्री प्रकाशित भएका छन् ।

उक्त अनुगमनमा दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीयलाई समेटिएको थियो । महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो । तीमध्ये बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य पर्दछन् ।

सम्प्रेषणका आधारमा १६ बलात्कारको घटनाका ६८ वटा समाचार सामग्री प्रकाशनमा आएका छन् । यो एक महिनामा १४ वटा दैनिकमा महिला बेचविखनका १० वटा घटनाका ५७ वटा सामग्री प्रकाशित थिए । महिलाको स्वास्थ्यअधिकारको हनन् भएका ४२ समाचार, विचार तथा सम्पादकीय प्रकाशित भए भने घटनाको संख्या २ थियो ।

परम्परागत र धार्मिक हिंसाका ५० समाचार, विचार तथा सम्पादकीय छापिएकामा ५ घटना थिए भने १२ वटा यौन दुर्व्यवहारका घटनाका ३८ वटा समाचार सामग्री प्रकाशित थिए । सोही अध्ययनले महिलामाथि हुने घरेलु हिंसासँग सम्बन्धित २ वटा घटनाबारे ११ वटा समाचार, विचार तथा सम्पादकीय छापिएको देखाएको छ । त्यस्तै बहुविवाहका १० समाचार, विचार तथा सम्पादकीय छापिएकामा ४ घटना प्रकाशित थिए ।

स्थानको हिसावले महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए । पहिलो पृष्ठमा २४ वटा समाचार छापिएका थिए । सबैभन्दा बढी समाचार १०० वटा पाँचौं पृष्ठमा छापिएको थियो । धेरै समाचारलाई सानो ठाउँ दिइएको थियो ।

समाचारमा उल्लेख भएअनुसार महिलामाथि हिंसा गर्नेमा सबैभन्दा बढी अन्य (९७), परिवारका सदस्य (४७), उल्लेख नभएका (३१) राज्य (४) र छिमेकी (२) भएको देखाएको छ । सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ८, फोटो समाचार ०, लेख ६२, सफ्ट न्यूज ५६ तथा हार्ड न्यूज ३७९ वटा प्रकाशित थिए । प्रकाशित हार्ड न्यूजमध्ये ३८, सफ्ट न्यूज २९ र १५ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग भएको थियो ।

समग्रमा ती सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई प्राथमिकतामा राखी प्रकाशित गरेको पाइएको छ । फलोअप समाचार पहिलाको भन्दा धेरै आएको पाइयो । यो महिना हत्याको ५ र बलात्कारको २ वटा फलोअप समाचार प्रकाशित भयो । यद्यपि सफ्ट न्यूजमा फोटोको प्रयोग, हिंसा गर्ने व्यक्तिको भनाइ, विद्यमान कानुनी प्रावधानसम्बन्धी जानकारी भने अझै अपुग देखिन्छ ।

सो सञ्चार अनुगमनमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरु समेटिएका थिए ।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् र ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् । हिंसाका समाचारमा फलोअप समाचार आएका छन् कि छैनन् । समाजमा लैंगिक हिंसा कस्ता छन् र कस्ता समाचार आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ ।

रामशरण सेढाई
संयोजक, सञ्चार अनुगमन

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org